प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा
प्रदेश न. १
(कार्यक्षेत्र झापा र इलाम)

फोन न. ०२३-५२००८७
फयाक्स न. ०२३-५२००८७
Email: vhlsjhapa@gmail.com

# प्रस्ताव आह्वानको सूचाना

सूचना नं. ४/२०७६-७७

प्रथम पटक प्रकाशित मितिः २०७६।०९।२९
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७६।१०।१४

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रंको आ. व. २०७६।७७ को प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा संचालनका लागि 'व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन कार्यविधि २०७३' र 'साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि २०७३' मा भएको व्यवस्था बमोजिमका शर्तहरु पालना गरि साझेदारी गर्न तोकिएका स्थानिय तहका ईच्छुक आवेदकहरुबाट मिति २०७६/१०/१४ गते मंगलबार सम्म कार्यालय, समय भित्रमा प्रस्ताव दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेस हुन नसक्ने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ । थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा (फोन नम्बर ०२३-५२००८७) र सम्पर्क कार्यालय ईलाम (फोन न.०२७-५२००४) मा सम्पर्क राख्न सकिनेछ । साथै www.pmamp.gov.np बाट ब्लक र पकेट संचालन कार्यविधि डाउनलोड गरेर समेत विस्तृत जानकारी लिन सकिनेछ ।

कार्यक्रम विवरणः

| क्र. सं. | कार्यक्रम संचालन हुने स्थानिय तह | कार्यक्रमको नाम | परिमाण | कार्यालयबाट अधिकतम अनुदान रकम रु. | न्यूनतम जलाशय क्षेत्रफल | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १ | कचनकवल गाउँपालिका, झापा | नयाँ मत्स्य ब्लक | ब्लक १ | ९० लाख | ६० हेक्टर | कृषक समूह, कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति |
| २ | हल्दीबारी गाउँपालिका, झापा | नयाँ मत्स्य ब्लक | ब्लक १ | ९० लाख | ६० हेक्टर | |
| ३ | गौरादह नगरपालिका, झापा | नयाँ मत्स्य ब्लक | ब्लक १ | ९० लाख | ६० हेक्टर | |
| ४ | चुलाचुली गाउँपालिका, इलाम | नयाँ मत्स्य पकेट | पकेट १ | १५ लाख | ६ हेक्टर | |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरुः**

१.रु.१०। को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन ।
२.आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३.कार्यक्रम संचालनका लागि सम्बन्धीत कार्यक्रमका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना/व्यवसाय योजना ।
४.समूह समिति सहकारी मार्फत कार्यक्रममा संलग्न हुन चाहने मत्स्य पालक कृषकहरुको विवरण ।
४.कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातहरुको प्रतिलिपि (जग्गा धनीपुर्जा, नक्सा र मालपोत तिरेको रसिद) ।
५.लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको आधारिक करारनामा/सम्झौता पत्र/मंजुरीनामा र मालपोत तिरेको रसिद।
६.एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद,मंजुरीनामा पत्र र मंजुरीनामा दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
७. प्रचलित कानुन बमोजिम अधिकारीक निकायमा संस्था/फर्म/ व्यवसाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि।
८. समुह/सहकारीको हकमा संचालक समितिको निर्णयको प्रतिलिपि ।
९. अघिल्लो आ.व.को लेखा परिक्षणको प्रतिवेदन र आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
१०. लागत साझेदारी गर्ने प्रतिवद्वता पत्र ।
११. स्थानिय तह पशु सेवा शाखाको सिफारिस पत्र।
१२. प्रचलित कानुन बमोजिम कुनै कारवाहीमा नपरेको स्वयमघोषणा पत्र समावेश गर्नुपर्ने ।

**नोटः**

१. प्रस्तावहरु भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा र सम्पर्क कार्यालय ईलाम मध्ये आफुलाई पायक पर्ने कार्यालयमा दर्ता गर्न सकिने छ ।
२. माथि तोकिएका स्थानिय तहहरुबाट मात्र आवेदन पेश गर्न सकिनेछ ।
३. अनुदानसंग सम्बन्धित तोकिएको ढाँचा अनुसारका फर्मेटहरु यस कार्यालयबाट कार्यालय समय भित्र निःशुल्क उपलब्ध गराइनेछ ।
४. सबै कागजातहरुको २-२ प्रति ल्याउनु पर्नेछ ।

नि. कार्यालय प्रमुख